# रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३

# र

# विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विषयसूची


| क्र.सं. | लेखको शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३ | १ |
| २. | विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३ | ८ |


# रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३


नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट स्वीकृत मिति : २०७३।०२।१८


औद्योगिक प्रतिष्ठान, प्रयोगशाला, अनुसन्धान केन्द्र, व्यापारिक संस्था लगायतका निकायका लागि आवश्यक पर्ने रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगलाई व्यवस्थित गरी दुरुपयोग हुन नदिन र वातावरण प्रदूषण, जनस्वास्थ्य र पशुपंक्षी स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभाव नियन्त्रण गर्नका लागि नेपाल सरकारले लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा २४ बमोजिम यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

क) यस कार्यविधिको नाम **रासायनिक पदार्थ आयात, ओसार-पसार, सञ्चय तथा प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३** रहेको छ।

ख) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **सिफारिस सम्बन्धी व्यवस्था** :

क) प्रचलित नेपाल कानून बमोजिम स्थापित औद्योगिक प्रतिष्ठान वा अन्य कुनै निकायलाई आवश्यक पर्ने रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोग गर्न जिल्ला स्तरीय अनुगमन समितिले सम्बन्धित निकायको निरीक्षण गरी पेश गरेको प्रतिवेदनका आधारमा जिल्ला प्रशासन कार्यालयले नेपाल सरकार गृह मन्त्रालयलाई अनुरोध गर्नुपर्ने छ। जिल्लास्तरीय अनुगमन समितिले गर्ने अनुगमनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

ख) रासायनिक पदार्थ आयात, ओसार-पसार, सञ्चय र प्रयोग गर्ने निकायहरुलाई आवश्यक पर्ने रासायनिक पदार्थ सम्बन्धित मन्त्रालय वा सम्बन्धित रासायनिक पदार्थको नियमन गर्ने जिम्मेवारी पाएको केन्द्रीय स्तरको निकायबाट गृह मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ।

३. **अनुमति दिने** :

रासायनिक पदार्थ आवश्यक पर्ने निकायलाई माथि बुँदा नं. २ को प्रक्रिया पुरा भएपछि मात्र गृह मन्त्रालयले रासायनिक पदार्थको आयात, ओसार-पसार, भण्डारण र प्रयोग सम्बन्धी अनुमति प्रदान गर्न सक्नेछ। गृह मन्त्रालयले प्रदान गर्ने अनुमति पत्रको ढाँचा अनुसुची २ बमोजिम हुनेछ र अनुमति दिने रासायनिक पदार्थहरुको विवरण अनुसुची-३ र अनुसुची-४ मा तोकिए बमोजिम

हुनेछ।

तर सल्फरको अनुमति प्रदान गर्ने विषयमा नेपाल सरकार रक्षा मन्त्रालयको सिफारिसको आधारमा मात्र अनुमति प्रदान गरिने छ।

४. **रासायनिक पदार्थको सुरक्षित व्यवस्थापन गर्ने** :

रासायनिक पदार्थको आयात, ओसार-पसार, भण्डारण र प्रयोग गर्दा वातावरण, जनस्वास्थ्य र पशुपंक्षीको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी सुरक्षित किसिमबाट स्थानीय सुरक्षा निकायको सहयोगमा व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित औद्योगिक प्रतिष्ठान वा निकायको हुनेछ।

५. **प्रगति विवरण पेश गर्ने** :

रासायनिक पदार्थको उपयोग गर्ने औद्योगिक प्रतिष्ठान वा निकायले रासायनिक पदार्थको आयात, भण्डारण र प्रयोगको मासिक विवरण गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयमा समेत अनिवार्य रुपमा अनुसूची-५ को ढाँचामा पेश गर्नुपर्ने छ।

६. **आयात भएको जानकारी दिनुपर्ने** :

विदेशबाट आयात गरिएको रासायनिक पदार्थको विवरण उत्पादन हुने मुलुक, निर्यातकर्ता कम्पनी, रसायनको नाम, परिमाण, आयातकर्ताको नाम, Armonized System Code, Material Safety Data code समेत खुलाई सम्बन्धित भन्सार कार्यालय र आयातकर्ताले उल्लेखित विवरणहरु खुल्नेगरी अभिलेख राखी सो को जानकारी आयात भएको मितिले ७ दिन भित्र गृह मन्त्रालयमा दिनुपर्नेछ।

७. **अनुगमन सम्बन्धी व्यवस्था** :

**क. केन्द्रीय अनुगमन समिति** :

१) औद्योगिक प्रतिष्ठान वा कुनै निकायमा प्रयोग हुने रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको अनुगमनका लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको अनुगमन समिति रहनेछ।

१. गृह मन्त्रालय, विपद् व्यवस्थापन महाशाखाका प्रमुख - संयोजक
२. उद्योग मन्त्रालयका सम्बन्धित क्षेत्रका प्राविधिक प्रतिनिधि - सदस्य
३. जनसंख्या तथा वातावरण मन्त्रालयका सम्बन्धित क्षेत्रका प्राविधिक प्रतिनिधि - सदस्य
४. गृह मन्त्रालय, लागू औषध नियन्त्रण शाखाका उप-सचिव - सदस्य सचिव

२) समितिले उद्योगहरुमा स्थलगत रुपमा आफै वा सम्बन्धित कर्मचारी खटाई अनुगमन गर्न सक्नेछ र समितिले अनुगमनका क्रममा आवश्यकतानुसार सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्ने छ। साथै समितिले आवश्यक देखेमा सुरक्षा निकायको सहयोग लिन सक्नेछ।



**ख. जिल्ला अनुगमन समिति** :

(१) औद्योगिक प्रतिष्ठान वा कुनै निकायमा प्रयोग हुने रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको अनुगमनका लागि जिल्ला स्तरमा देहाय बमोजिमको समिति रहनेछ।

१. प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - संयोजक
२. नेपाली सेनाका अधिकृत प्रतिनिधि - सदस्य
३. जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य
४. जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/समितिका अधिकृत प्रतिनिधि - सदस्य
५. आन्तरिक राजस्व कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

(२) जिल्ला अनुगमन समितिले रासायनिक पदार्थको आयात, ढुवानी, भण्डारण र प्रयोग सम्बन्धी विषयहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ।

८. **राय लिन सकिने** :

औद्योगिक प्रतिष्ठान वा अन्य कुनै निकायमा प्रयोग हुने रासायनिक पदार्थको आयात, ओसार-पसार, संचय र प्रयोगको कारणबाट वातावरणमा प्रतिकूल प्रभाव पर्ने सम्भावना देखिएमा जनसंख्या तथा वातावरण मन्त्रालयको समेत राय लिन सकिनेछ।

९. **निर्देशन पालना गर्नुपर्ने** :

यो कार्यविधिको कार्यान्वयनको क्रममा गृह मन्त्रालयले समय समयमा आवश्यक निर्देशनहरु जारी गर्न सक्नेछ। सो को पालना गर्नु सम्बन्धित निकायको दायित्व हुने छ।

१०. **म्याद थप सम्बन्धी व्यवस्था** :

अनुमति पत्रमा तोकिएको समयभित्र रासायनिक पदार्थ आयात हुन नसकेमा सम्बन्धित भन्सार कार्यालयको पैठारी प्रमाणित पत्रको आधारमा गृह मन्त्रालयले आवश्यकता अनुसार म्याद थप गर्न सक्नेछ।

११. **नाका परिवर्तन सम्बन्धी व्यवस्था** :

कुनै कारणवश अनुमतिपत्रमा तोकिएको भन्सार नाकाबाट रासायनिक पदार्थ आयात हुन नसकेको अवस्थामा गृह मन्त्रालयले औचित्यता हेरी भन्सार नाका परिवर्तन गर्ने अनुमति प्रदान गर्न सक्नेछ।

१२. **बाधा अड्काउ फुकाउने** :

यस कार्याविधिको कार्यान्वयनको सिलसिलामा द्विविधा उत्पन्न भएमा गृह मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसुची १
## अनुगमन समितिको निरीक्षण प्रतिवेदन फारम

निरीक्षण मिति :

फर्म/उद्योगको नाम :
ठेगाना :
संचालकको नाम :
फोन नं.:

| क.सं. | उद्योगलाई आवश्यक पर्ने केमिकलको नाम | उद्योगको स्कीम बमोजिम वार्षिक आवश्यक पर्ने केमिकलको परिमाण | उद्योगबाट उत्पादन हुने बस्तु | उद्योगको वार्षिक उत्पादन क्षमता | यस अवधिमा उत्पादित बस्तुको परिमाण | गत निरीक्षणको अन्तिम मौज्दात | यस अवधिमा आयात भएका केमिकलको परिमाण | जम्मा केमिकलको परिमाण | यस अवधिसम्मको खपत परिमाण | बाँकी परिमाण | भण्डारण क्षमता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

केमिकल आयात गर्ने कम्पनीको नाम र ठेगाना :
जिल्ला प्रशासन कार्यालयको प्रतिनिधिको नाम, सही र छाप :
आन्तरिक राजस्व कार्यालयको प्रतिनिधिको नाम, सही र छाप :
घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधिको नाम, सही र छाप :
जिल्ला प्रहरी कार्यालयको प्रतिनिधिको नाम, सही र छाप :
नेपाली सेना कार्यालयको प्रतिनिधिको नाम, सही र छाप :

## अनुसुची २

विषय : केमिकल्स भिकाउने बारे ।

**श्री परराष्ट्र मन्त्रालय,**
**कन्सुलर विभाग,**
**त्रिपुरेश्वर, काठमाडौं ।**

श्री ............लाई ............... कार्यमा प्रयोग गर्न निम्न बमोजिमका सामान/केमिकल्स ............बाट पैठारी गरी ........... भन्सार कार्यालयमा नियम बमोजिम लाग्ने महसुल बुझाई स्थानीय प्रशासनको रेखदेख एवं नियन्त्रणमा सुरक्षितसाथ राखी तोकिएको कार्यमा मात्र प्रयोग गर्न गराउन/प्रयोग भएको सामान/केमिकल्सको विवरण प्रत्येक ३ (तीन) महिनामा स्थानीय प्रशासनमा बुझाउने गरी माथि उल्लेख भए बमोजिमको मुलुकबाट भिकाउन आयात इजाजतको लागि ताहाँ लेखि पठाउने मिति .............. को निर्णयानुसार अनुरोध छ ।

**सामान/केमिकल्सको विवरण**

| सि.नं. | केमिकलको नाम | परिमाण | खरिद गर्ने कम्पनिको नाम |
|---|---|---|---|
| | | | |

(उल्लेखित रासायनिकपदार्थ आयात गर्ने अवधि ६ (छ) महिनाको हुनेछ )

**बोधार्थ तथा कार्यार्थ :**
श्री जिल्ला प्रशासन कार्यालय, ........ ।
श्री भन्सार बिभाग, त्रिपुरेश्वर, काठमाडौं ।

श्री भन्सार कार्यालय, ..................... ।
श्री आन्तरिक राजश्व कार्यालय, ....................।
श्री घरेलु तथा साना उद्योग कार्यालय/समिति, ................ ।
श्री ..........................,
........................:- उल्लेखित रासायनिकपदार्थ आयात भएपछि यथाशीघ्र स्थानीय प्रशासनमा जानकारी गराउनु हुन ।

## अनुसुची ३

**नेपाल सरकारको मिति २०६०।१२।३० को मन्त्रिस्तरीय निर्णय अनुसार गृह मन्त्रालय लागू औषध नियन्त्रण शाखाले स्वीकृति दिने २३ Precursors र परराष्ट्र मन्त्रालयलाई सिफारिस गरिने १० केमिकलहरूको विवरण**

| Table I | Table II | Chemical |
|---|---|---|
| 1. Acetic anhydride | 1. Acetone | १. सल्फर |
| | 2. Anthranilic Acid | २. पोटासियम क्लोरेट |
| 2. N. Actylanthranilic acid | 3. Ethyl Ether | ३. सोडियम नाइट्रेट |
| 3. Ephedrine | | ४. अमोनियम नाइट्रेट |
| | 4. Hydrochloric Acid | |
| 4. Ergometrine | 5. Methyl Ethyl Ketone | ५. पोटासियम नाइट्रेट |
| 5. Ergotamine | | |
| | 6. Phenylacetic Acid | ६. क्लोरिन |
| 6. Isosafrole | 7. Piperidine | ७. नाइट्रिक एसिड |
| 7. Lysergic Acid | | ८. फस्फरिक एसिड |
| | 8. Sulphuric Acid | |
| 8. 3, 4-Methylenedixyphenyl-2-Propanone | 9. Tulone | ९. फर्मिक एसिड |
| 9. Norphedrine | | १०. हाइड्रोलोरिक एसिड |
| 10. 1-Phenyl-2-Propanone | | |
| 11. Piperonal | | |
| 12. Potassium Permanganate | | |
| 13. Pseudoephedrine | | |
| 14. Safrole | | |



## अनुसुची ४

**गृह मन्त्रालयबाट अनुमति लिनुपर्ने रासायनिक पदार्थहरू**

| | | |
|---|---|---|
| १. काष्टिक सोडा | १२. फर्मिक एसिड | २३. क्लोरिन |
| २. सोडा एस | १३. फसफरिक एसिड | २४. हाइड्रोलिक एसिड |
| ३. सोडियम कार्वोनेट | १४. सोडियम हाइड्रो सल्फाइड अफ सोडा | २५. थिनर |
| ४. ब्लिचिङ पाउडर | | २६. सल्फरिक एसिड |
| ५. सोडियम वाइकार्वोनेट | १५. हाइड्रोजन पेरोक्साइड | २७. नाइट्रिक एसिड |
| ६. एसेटिक एसिड | १६. कपर सल्फेट | २८. हाइड्रोक्लोरिक एसिड |
| ७. जिन्क अक्साइड | १७. अक्जालिक एसिड | |
| ८. आल्मोनियम सल्फेट | १८. एमोनियम सल्फेट | २९. फसफरिक एसिड |
| ९. विविध ग्लोवरसाल्ट एसिड | १९. स्टेरिक एसिड | ३०. फोरमिक एसिड |
| | २०. साइट्रिक एसिड | ३१. ड्राभर सोल |
| १०. अल्कोहल | २१. एमोनियम क्लोराइड | ३२. एडिटिम्स |
| ११. क्याल्सियम कारवाइड | २२. फेरमिक एसिड | ३३. डि ओ.पि. |

## अनुसुची ५

कम्पनी/फर्मको नाम :

ठेगाना :

मिति ........... देखि ............. सम्मको रासायनिक पदार्थको खपत विवरण :

| सि.नं. | रासायनिक पदार्थको नाम | जम्मा परिमाण | यस अवधिमा खपत भएको परिमाण | बाँकी मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

# विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३

नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट स्वीकृत मिति : २०७३।०२।१८

**प्रस्तावना** :

औद्योगिक प्रतिष्ठान, विकास निर्माणका आयोजना लगायतका क्षेत्रहरुमा प्रयोग गरिने विष्फोटक पदार्थहरुको आपूर्ति, ओसार-पसार, भण्डारण र प्रयोगलाई व्यवस्थित गर्न विष्फोटक पदार्थ ऐन, २०१८ को दफा १४ को अधीनमा रही नेपाल सरकारले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

क. यस कार्यविधिको नाम '**विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३**' रहेको छ ।

ख. यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. स्वीकृति लिनुपर्ने** : प्रचलित नेपाल कानून बमोजिम स्थापित औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजना वा अन्य कुनै निकायलाई आवश्यक पर्ने विष्फोटक पदार्थको खरीद, आपूर्ति, ओसार-पसार, भण्डारण र प्रयोग गर्नका लागि नेपाल सरकारको पूर्वस्वीकृती लिनुपर्ने छ ।

**३. सिफारिस सम्बन्धी व्यवस्था** :

क. औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजना वा अन्य कुनै निकायलाई आवश्यक पर्ने विष्फोटक पदार्थको आयात, खरिद, ओसार-पसार, भण्डारण र प्रयोगको अनुमति लिनका लागि सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायले निम्न विषयहरु खुल्ने गरी गृह मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ ।

१) आयोजना/औद्योगिक प्रतिष्ठान सञ्चालनको अनुमति पत्र :

२) सम्बन्धित निकायसँगको सम्झौता पत्र :

३) विष्फोटक पदार्थको विवरण :

४) खरिद गरिने स्थान/मुलुक :

५) प्रयोग र भण्डारण गरिने स्थान :

ख. खण्ड 'क' बमोजिमको सिफारिस साथ विष्फोटक पदार्थ ढुवानी, भण्डारण र प्रयोग गरिने जिल्लाको जिल्ला सुरक्षा समितिको निर्णय सहीत अनुसूची १ को ढाँचामा माग फारम भरी सिफारिस गर्नु पर्ने छ ।

**४. सहमति लिनुपर्ने** : गृह मन्त्रालयले औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजना वा अन्य कुनै निकायलाई आवश्यक पर्ने विष्फोटक पदार्थको खरीद, ढुवानी, भण्डारण र प्रयोग सम्बन्धमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकाय र जिल्ला सुरक्षा समितिको सिफारिस समेत संलग्न राखी नेपाल सरकार रक्षा मन्त्रालयको सहमतिका आधारमा स्वीकृती दिनेछ ।

रक्षा मन्त्रालयले आवश्यक ठानेमा विष्फोटक पदार्थको विशेषज्ञ सहीतको टोली गठन गरी स्थलगत अध्ययनको आधारमा सहमती दिन सक्ने छ ।

**५. अनुमति दिने** : रक्षा मन्त्रालयको सहमती प्राप्त भएमा गृह मन्त्रालयले विदेशबाट आयात गर्ने विष्फोटक पदार्थको खरीद, ढुवानी, भण्डारण र प्रयोग गर्नका लागि अनुमति पत्र प्रदान गरी परराष्ट्र मन्त्रालयमा र नेपाली सेनाबाट उपलब्ध हुने विष्फोटक पदार्थको हकमा रक्षा मन्त्रालयमा अनुसुची २ बमोजिमको ढाँचामा लेखी पठाउने छ । विदेशबाट खरिद गर्ने विष्फोटक पदार्थको हकमा एक वर्षको आयात अनुमति दिइने छ ।

**६. आपूर्ति, ढुवानी र भण्डारण सम्बन्धी व्यवस्था** : औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजना वा सम्बन्धित निकायले विष्फोटक पदार्थको आपुर्ति, ढुवानी र भण्डारण गर्दा नेपाली सेनाको प्रत्यक्ष निगरानीमा रहेर गर्नुपर्नेछ र प्रयोग गरेको विष्फोटक पदार्थको विवरण अनुसुची ३ बमोजिमको ढाँचामा नेपाल सरकार गृह मन्त्रालय र सम्बन्धित निकायमा प्रत्येक तीन/तीन महिनामा पेश गर्नुपर्नेछ ।

**७. प्रयोगकर्ता सम्बन्धी व्यवस्था** : औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजना वा निकायले विष्फोटक पदार्थको सुरक्षित प्रयोग गर्नका लागि विष्फोटक पदार्थ ऐन र नियमावली बमोजिम इजाजत प्राप्त प्रयोगकर्ताबाट मात्र प्रयोग गर्नुपर्ने छ । विष्फोटक पदार्थको प्रयोग गर्दा सम्बन्धित औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजना वा निकायले नेपाली सेना वा सशस्त्र प्रहरी वा नेपाल प्रहरीको रोहवरमा मात्र प्रयोग गर्नुपर्ने छ ।

**८. अनुमतिको म्याद थप सम्बन्धी व्यवस्था** : तोकिएको म्यादभित्र विष्फोटक पदार्थको आपूर्ति हुन नसकेमा सम्बन्धित मन्त्रालय/केन्द्रिय निकायको सिफारिसमा गृह मन्त्रालयले, आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ ।

**९. अनुगमन सम्बन्धी व्यवस्था** :

क. केन्द्रीय अनुगमन समिति : विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको अनुगमनका लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।

१. गृह मन्त्रालय, विपद् व्यवस्थापन महाशाखाका महाशाखा प्रमुख - संयोजक

२. रक्षा मन्त्रालयका सम्बन्धित शाखाका शाखा प्रमुख - सदस्य

३. सम्बन्धित मन्त्रालयको सम्बन्धित शाखाका शाखा प्रमुख - सदस्य

४. गृह मन्त्रालय, लागू औषध नियन्त्रण शाखाका उपसचिव - सदस्य-सचिव
समितिले औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजना वा निकायहरुमा आफै वा कुनै कर्मचारी खटाई अनुगमन गर्न सक्नेछ र समितिले आवश्यक ठानेमा अन्य विशेषज्ञलाई समेत आमन्त्रण गर्न सक्ने छ ।

ख. जिल्ला अनुगमन समिति : १) विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको अनुगमन कार्य गर्न देहायको जिल्लास्तरीय अनुगमन समिति रहनेछ ।

१. प्रमुख जिल्ला अधिकारी - संयोजक
२. स्थानीय विकास अधिकारी - सदस्य
३. नेपाली सेनाका स्थानीय प्रमुख - सदस्य
४. जिल्ला प्रहरी कार्यालय प्रमुख सदस्य
५. सशस्त्र प्रहरीको स्थानीय प्रमुख - सदस्य
६. राष्ट्रिय अनुसन्धान कार्यालयको स्थानीय प्रमुख - सदस्य
७. सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य-सचिव

२) जिल्ला अनुगमन समितिले आवश्यकतानुसार सम्बन्धित विषयका विज्ञ लगायतका अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

३) जिल्लास्तरीय अनुगमन समितिले विष्फोटक पदार्थको आयात, ढुवानी, भण्डारण र प्रयोग सम्बन्धी विषयहरुको अनुगमन गरी नेपाल सरकार गृह मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१०. नाका परिवर्तन** : कुनै कारणवश अनुमति पत्रमा तोकिएको भन्सार नाकाबाट विष्फोटक पदार्थ आयात गर्न नसकिने अवस्था भएमा गृह मन्त्रालयले औचित्यता हेरी नाका परिवर्तन गर्ने अनुमति प्रदान गर्न सक्नेछ ।

**११. आयात भएको जानकारी दिनुपर्ने** : विदेशबाट आयात गरिएको विष्फोटक पदार्थको विवरण सम्बन्धित भन्सार कार्यालय र आयातकर्ताले आयात भएको मितिले ७ दिन भित्र गृह मन्त्रालयमा जानकारी दिनुपर्नेछ ।

**१२. काम नलाग्ने विष्फोटक पदार्थ नष्ट गर्ने** : गैर सैनिक औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजनाहरुले खरिद गरेको विष्फोटक पदार्थहरु काम नदिने भई नष्ट गर्नुपर्ने भएमा सम्बन्धित आयोजनाले विष्फोटक पदार्थको सुरक्षा गर्ने नेपाली सेनाको युनिटलाई नष्ट गरिदिने सम्बन्धमा अनुरोध गर्नुपर्नेछ र सो अनुरोध बमोजिम नेपाली सेनाको विशेषज्ञबाट निरीक्षण गरी नष्ट गर्न सिफारिस गरेमा जिल्ला सुरक्षा समितिको निर्णयानुसार अभिलेख राखी सम्बन्धित आयोजनाका प्रतिनिधि समेतको उपस्थितीमा सुरक्षित स्थानमा नष्ट गर्नुपर्नेछ । यसरी नष्ट गर्दा लाग्ने सामग्री र खर्चको व्यवस्था सम्बन्धित



प्रतिष्ठान/आयोजनाले गर्नुपर्नेछ ।

**१३. जगेडा हुन आउने विष्फोटक पदार्थको व्यवस्थापन** : गैर सैनिक औद्योगिक प्रतिष्ठान वा विकास निर्माण आयोजनाहरुले खरिद गरेका विष्फोटक पदार्थहरु आयोजना निर्माण सम्पन्न भएपश्चात मौज्दात रहेमा सम्बन्धित औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजना वा अन्य निकायले ती विष्फोटक पदार्थहरुको जिल्ला अनुगमन समितिको समन्वयमा उचित व्यवस्थापन गर्नुपर्ने छ ।

**१४. सरकारी निकायको दायित्व** : विकास निर्माण आयोजनाको कार्यान्वयन तथा समयमै सम्पन्न गर्न सहजीकरण गर्नु सम्बन्धित सरकारी अधिकारीको दायित्व हुनेछ ।

**१५. निर्देशन पालना गर्नुपर्ने** : यो कार्यविधिको कार्यान्वयनको क्रममा गृह मन्त्रालयले समय समयमा आवश्यक निर्देशनहरु जारी गर्न सक्नेछ । सो को पालना गर्नु सम्बन्धित निकायको दायित्व हुने छ ।

**१६. विविध** : औद्योगिक प्रतिष्ठान, विकास निर्माण आयोजना वा निकायको विष्फोटक पदार्थ ढुवानी गर्ने साधन र सो को एस्कर्टको निमित्त छुट्टै सवारी साधनको व्यवस्था गर्नुपर्नेछ र पिकेटिङ्ग तथा एस्कर्टिङ्ग खर्च सम्बन्धित आयोजनाले व्यहोर्नु पर्नेछ ।

**१७. वाधा अड्काउ फुकाउने** : यस कार्याविधिको कार्यान्वयनको सिलसिलामा द्विविधा उत्पन्न भएमा गृह मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसुची १

............................... आयोजना/उद्योगको

विष्फोटक पदार्थ माग फाराम

| | |
|---|---|
| १. आयोजना/उद्योगको विवरण : | २. विष्फोटक पदार्थ सम्बन्धी विवरण : |
| (क) आयोजना/उद्योगको नाम, ठेगाना : | (क) विष्फोटक पदार्थहरुको नाम र आवश्यक परिमाण : |
| (ख) विष्फोटक पदार्थ प्रयोग गर्ने स्थान : | (ख) कुल आवश्यक पर्ने विष्फोटक पदार्थको विवरण : |
| (ग) विष्फोटक पदार्थ प्रयोग गर्ने उद्देश्य : | (ग) मासिक खर्चको विवरण : |
| (घ) आयोजना/उद्योगको अवधि : | (घ) वार्षिक खपत परिमाण : |
| (ङ) शुरु मिति : | (ङ) आवश्यकताको पुष्ट्याई : |
| (च) पुरा हुने मिति (अनुमानित) : | (च) यस अघि स्वीकृत भएको परिमाण : |
| (छ) आयोजना/उद्योगको कुल लागत : | (छ) निकाशा लगेको मिति र परिमाण : |
| (ज) आयोजना/उद्योगको वार्षिक उत्पादन क्षमता: | (ज) पहिला स्वीकृत भै आयात हुन बाँकी परिमाण : |
| (झ) आयोजना/उद्योग सञ्चालन गर्न स्वीकृत भएको अख्तियारी : | (झ) हालसम्मको आम्दानी खर्च र बाँकीको विवरण : |
| | (ञ) भण्डारण गर्ने स्थान र क्षमता : |
| ३. विष्फोटक पदार्थको ढुवानी सम्बन्धी : | ४. सुरक्षा व्यवस्था : |
| (क) इन्ट्रि प्वाइन्ट (विदेशबाट आयात गर्ने भएमा) : | (क) ढुवानी गर्दाको सुरक्षा व्यवस्था : |
| (ख) भण्डारण गर्ने स्थलसम्म ढुवानी गर्ने साधन : | (ख) भण्डारणको सुरक्षा व्यवस्था : |
| (ग) ढुवानी गर्ने मिति र समय : | (ग) भण्डारण गरिएका स्थानबाट आयोजना स्थलसम्म लाँदा, प्रयोग गर्दा र फिर्ता ल्याउँदाको सुरक्षा व्यवस्था : |
| (घ) ढुवानी गर्ने आधिकारिक व्यक्तिको दर्जा, नामथर र परिचयपत्र : | |
| ५. प्रयोगकर्ताको | ६. साइट इन्चार्जको : |
| दस्तखत :<br>दर्जा :<br>नामथर : | दस्तखत :<br>दर्जा :<br>नामथर : |
| ७. आयोजना/उद्योग प्रमुखको : | ८. सुरक्षा अधिकृतको : |



| | |
|---|---|
| दस्तखत :<br>दर्जा :<br>नामथर :<br>कार्यालयको छाप : | दस्तखत :<br>दर्जा :<br>नामथर :<br>कार्यालयको छाप : |
| ९. आयोजना/उद्योग नजिक रहेको नेपाली सेनाको युनिटपतिको : | १०. प्रमुख जिल्ला अधिकारीको : |
| दस्तखत :<br>दर्जा :<br>नामथर :<br>कार्यालयको छाप : | दस्तखत :<br>दर्जा :<br>नामथर :<br>कार्यालयको छाप : |

## अनुसुची २

**विषय : विष्फोटक पदार्थ खरीद तथा आयात स्वीकृति सम्वन्धमा ।**

**श्री परराष्ट्र मन्त्रालय,**
**कन्सुलर विभाग,**
**त्रिपुरेश्वर, काठमाडौं ।**

प्रस्तुत विषयमा प्रवर्द्धक श्री .............द्वारा निर्माणाधीन .......... मेगाबाट क्षमताको ............... जलविद्युत आयोजनाको सुरुङ्ग, पावरहाउस लगायतका संरचनाहरुको निर्माणका लागि आवश्यक पर्ने तपसिलका विस्फोटक पदार्थहरु ............ बाट खरिद गरी नेपाली सेनाको निगरानीमा आयोजना स्थलसम्म सुरक्षित ढुवानी, भण्डारण तथा प्रयोग गर्न दिने अनुमतिको लागि ऊर्जा मन्त्रालयको च.नं.......... मिति ............... को सिफारिश भई आएको र रक्षा मन्त्रालयको च.नं. ............ मिति .............. को प्राप्त सहमति अनुसार ................बाट खरिद गरी ल्याउनुपर्ने निम्न विष्फोटक पदार्थहरु देहायका शर्त तथा बन्देजहरु अनिवार्य पालना एवं कार्यान्वयन गर्ने/गराउने र ल्इक्र प्राप्त मितिले .............भित्र ............. भन्सार नाकाबाट आयात गरिसक्नुपर्ने गरी आयात स्वीकृति दिइएको व्यहोरा मिति ............... को निर्णयानुसार अनुरोध छ ।

**विस्फोटक पदार्थको विवरण** :

| क.सं. | विष्फोटक पदार्थको नाम | खरिद गरिने परिमाण | खरिद गरिने स्थान | आयात गरिने नाका |
|---|---|---|---|---|
| | | | | |

**पालना गर्नु पर्ने शर्त तथा बन्देजहरू**

१. स्वीकृत परिमाणका विस्फोटक पदार्थहरू ......................बाट खरिद हुने ।

२. विष्फोटक पदार्थ ढुवानी गर्दा नेपाल प्रवेश विन्दू ....................बाट आयोजनास्थलसम्म ढुवानीकर्ताको परिचयपत्रधारी व्यक्ति साथैमा रहने ।

३. विष्फोटक पदार्थहरु नेपाली सेनाको बंकरघरमा भण्डारण गरी निम्नानुसारको शर्त पूरा गर्नुपर्ने ।

- विष्फोटक पदार्थहरु भण्डारण स्थल देखि प्रयोग स्थलसम्म ढुवानीको लागि कम्तिमा ............ मा नघटाई नेपाली सेनाबाट स्कर्टको व्यवस्था गर्नुपर्ने ।
- सुरक्षाफौज खटिए बापतको आवश्यक सुविधा सम्बन्धमा नेपाली सेनाको मापदण्ड बमोजिम आयोजनाले उपलब्ध गराउनुपर्ने ।

४. नियमित रुपमा आवश्यक पर्ने विष्फोटक पदार्थ यकिन गरी भण्डारणबाट झिकी आयोजना क्षेत्रसम्म लगी प्रयोग गर्दा र प्रयोग भै बाँकी रहेका सामाग्रीहरुको जिल्ला प्रशासन कार्यालय, स्थानीय प्रहरी, नेपाली सेनाहरुको अधिकृत प्रतिनिधि एवं आयोजना/उद्योगका जिम्मेवार प्रतिनिधिका रोहवरमा मुचुल्का खडा गरी आय व्यय स्पष्ट देखिने गरी खुलाई बचेका सामाग्री पुनः सो भण्डारणमा ल्याई राख्दा समेतका कार्यमा सुरक्षाको उच्च सतर्कता अपनाउने । साथै आम्दानी, खर्च, भण्डारण, प्रयोग एवं सुरक्षाको अनुगमन नेपाली सेनाले गर्ने ।

५. विष्फोटक पदार्थ प्रयोग गर्दा गाउँ, इलाका, मानव वस्ती, पशुपन्छी, वन्यजन्तु, वातावरण, विकास निर्माणका पूर्वाधार, पानी पधेरो, सन्धीसर्पन लगायत सार्वजनिक महत्वका वस्तुहरुलाई कुनै किसिमको प्रतिकूल असर, प्रभाव नपर्ने गरी स्थानीय प्रशासन, सुरक्षा निकाय र प्राविधिक कर्मचारीहरुको रोहवरमा इजाजतपत्र प्राप्त व्यक्तिहरुबाट मात्र प्रयोग गर्ने गराउने ।

६. खपतको विवरण शीघ्रातिशीघ्र स्थानीय प्रशासन कार्यालय र यस मन्त्रालयमा पेश गर्ने ।

७. थप विष्फोटक पदार्थ माग गर्दा पूर्व स्वीकृतिबाट प्राप्त खर्च तथा मौज्दातको प्रमाणित विवरण भरी पेश गर्नु पर्ने ।



**बोधार्थ**

श्री रक्षा मंत्रालय,

सिंहदरबार :- विष्फोटक पदार्थ खरिद पश्चात वीरगञ्ज भन्सार नेपाल प्रवेश विन्दूबाट आयोजनास्थलसम्म ढुवानी गर्दा अपनाउनु पर्ने उच्च सतर्कता सहीत आवश्यक सुरक्षाको व्यवस्थाका लागि ।

श्री उर्जा मन्त्रालय, सिंहदरवार ।

श्री नेपाली सेना, बलाधिकृत विभाग (ब्य.यु), व्यवस्था तथा नीति निर्देशनालय, जङ्गी अड्डा, भद्रकाली ।

श्री भन्सार बिभाग, त्रिपुरेश्वर ।

श्री जिल्ला प्रशासन कार्यालय, .............. ।

श्री भन्सार कार्यालय, .................. ।

श्री ............................... आयोजना, ............... ।

## अनुसुची ३

आयोजनाको नाम :

ठेगाना :

मिति ........... देखि ............. सम्मको विष्फोटक पदार्थको खपत विवरण :

| सि.नं. | विष्फोटक पदार्थको नाम | जम्मा परिमाण | यस अवधिमा खपत भएको परिमाण | बाकी मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |